धनगढी उप-महानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
धनगढी, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल
फोन नं.:- ०९१-५२०७३३
Email : info@dhangadhimun.gov.np
website : dhangadhimun.gov.np

प.सं. :- २०७९/८०
च.नं. :- २३४

मिति :- २०७९।११।०४

**विषय : कार्यान्वयन गर्ने सम्बन्धमा ।**

श्री संस्थागत विद्यालय सबै,
धनगढी उप-महानगरपालिका,
धनगढी, कैलाली ।

प्रस्तुत विषयमा धनगढी उप-महानगरपालिका नगर शिक्षा ऐन, २०७४ (संशोधन सहित) मा संस्थागत विद्यालयका हकमा देहाएका व्यवस्थाहरु उल्लेख भएको तर अधिकांश विद्यालयहरुमा उक्त व्यवस्था कार्यान्वयन नभएको पाइएकोले अनिवार्य कार्यान्वयन गर्ने, गराउने व्यवस्था मिलाउनु हुन जानकारी गराईन्छ ।

.....................................
नरेन्द्र बहादुर खाती
उपसचिव

**देहाय :**

| दफा/उपदफा | भएको व्यवस्था |
|---|---|
| दफा ८ को उपदफा (४) | संस्थागत विद्यालयले एउटा शैक्षिक सत्रमा लागु गरेको एउटा प्रकाशनको पाठ्यपुस्तक कम्तिमा ५ शैक्षिक सत्रसम्ममा परिवर्तन गर्न पाईने छैन । |
| दफा २१ को उपदफा ८ (१) | विद्यालय व्यवस्थापन समिति गठन । |
| दफा ४५ को (क) | संस्थागत विद्यालयले विद्यालयमा भर्ना भएका कूल विद्यार्थी संख्याको कम्तीमा दश प्रतिशतमा नघट्ने गरी तोकिए बमोजिम आर्थिक रूपमा विपन्न, अपाङ्गता भएकाहरू, महिला, दलित, जनजाति, जेहेन्दार र अल्पसंख्यक विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराउनु पर्नेछ । |
| दफा ४५ को (ख) | उपदफा (क) बमोजिम छात्रवृत्तिको लागि विद्यार्थी छनौट गर्न प्रत्येक विद्यालयमा विद्यालयको अध्यक्ष, विद्यालयको प्रधानाध्यापक, महाशाखा प्रमुख वा नीजले तोकेको अधिकृत र विद्यालय व्यवस्थापन समितिमा रहेका अभिभावकको प्रतिनिधित्व रहेको एक छात्रवृत्ति छनौट समिति रहनेछ । |

नोट : धनगढी उप-महानगरपालिका नगर शिक्षा ऐन, २०७४ (संशोधन सहित) को E-Copy कार्यालयको वेभसाइट www.dhangadhimun.gov.np > दस्तावेज > राजपत्रबाट डाउनलोड गर्न सकिनेछ ।

**बोधार्थ तथा अवगतार्थ:**

श्री नगर प्रमुख ज्यूको सचिवालय :- जानकारीका लागि सादर अनुरोध छ ।
श्री नगर उपप्रमुख ज्यूको सचिवालय :- जानकारीका लागि सादर अनुरोध छ ।
श्री सञ्चार तथा सुचना प्रविधि शाखा:- वेभसाइट तथा फेसबुक पेजमा अपलोड गरि सार्वजनिक गरिदिनु हुन ।